नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**राजस्व अनुसन्धान विभाग**

# राजस्व अनुसन्धान कार्यालय

ईटहरी, सुनसरी

**<u>लिलाम विक्रिको शीलवन्दी वोलपत्र आवह्यन सम्वन्धि सूचना</u>**

**(सूचना प्रकाशित मितिः २०७७।०८।२९ गते)**

यस कार्यालयबाट विभिन्न मितिमा कब्जामा लिईएका तपसिलमा उल्लेखित मालसामानहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमबाट लिलाम बिक्रि गर्नुपर्ने भएकोले नियमानुसार दर्ता भएका इच्छुक फर्म तथा कम्पनीबाट निम्न शर्तको अधिनमा रही राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० को नियम २६ बमोजिम सिलवन्दी लिलाम गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. फर्म/कम्पनीहरुले दरभाउपत्र सम्वन्धी कागजातहरु खरिद गर्न रितपुर्वक निवेदन सहित नेपाल सरकारको सम्वन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, मु.अ. कर/आयकरमा दर्ता भएको प्रमाणपत्र, आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति तथा व्यक्तिको हक(दर्ता हुने सवारी साधन मात्र)मा रितपुर्वक निवेदन सहित नेपाली नागरिता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी रु. १ लाख सम्मको लागि रु. ३००।- र रु. १ लाख भन्दा माथि १० लाख सम्मकोमा रु १०००।- पछि फिर्ता नहुने गरी नगद वुझाइ माथि उल्लेखित मिति भित्र यस कार्यालयवाट दरभाउ पत्र खरिद गर्न सकिने छ ।

२. प्रत्येक मुद्दाको छुट्टछुट्टै दरभाउपत्र फारम रितपवुर्वक भरी माथि तोकिएको मिति र समय भित्र शिलवन्दी खामको वाहिर पट्टी यस कार्यालयको नाम, मुद्दा नं., बोलपत्रदाताको नाम, ठेगाना, सम्पर्क नं. समेत स्पष्ट खुलाई सहिछाप गरी लाहा छाप लगाई शिलवन्दी गरी दर्ता गराइ सक्नुपर्ने छ । दर्ता भएका बोलपत्रहरु वोलपत्र दर्ता गर्ने अन्तिम दिनको १४.०० वजेको समयमा वोलपत्रदाताका प्रतिनिधिहरुको रोहवरमा कार्यालयमा खोलिने छ । बोलपत्रदाताका प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न वाधा हुने छैन ।

३. वोलपत्रमा उल्लेखित कुल कवोल अङ्कको कम्तिमा १० प्रतिशतले हुन आउने जमानत रकम कोष तथा लेखा नियन्त्रक कार्यालय सुनसरीको राष्ट्रिय वाणिज्य वैंक, इनरुवा शाखामा खोलिएको धरौटी खाता नं. २२२०१००१०२०३०००० तथा यस कार्यालयको कोड नं. ३०१०५१४०१ मा प्रत्येक मुद्दाका लागि छुट्टछुट्टै सक्कल वैंक भौचर बोलपत्र साथ संलग्न राखी पेश गर्नुपर्ने छ ।

४. आफुले कबोल गरेको रकमको मुल्य (मु.अ.कर र अन्तशुल्क वाहेकको रकम) अङ्क र अक्षर दुवैमा अनिवार्य रुपमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

५. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी रकम दाखिला गरी मालसामान उठाइ लैजानु पर्ने छ । म्याद भित्र रकम जम्मा नगरेमा नियमानुसार गरिनेछ ।

६. दरभाउपत्र सम्वन्धि कागजात खरिद गर्नेहरुले मालसामान हेर्न चाहेमा कार्यालय समयमा सम्पर्क गरी हेर्न सकिनेछ ।

७. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु लगत्तै कार्यालय खुलेको दिन सोही समय अनुसार हुनेछ ।

८. यस कार्यालको नाममा धरौटी खातामा रकम जम्मा गर्ने तर दरभाउपत्रसाथ धरौटी रसिद पेश नगर्ने, दरभाउपत्र फारममा विवरण नभरी धरौटी रसिद संलग्न गरी पेश गर्ने, सुचना प्रकाशन हुनुभन्दा अघिनै धरौटी रकम दाखिला गर्ने तथा दरभाउपत्र नै पेश नगरी धरौटी रकम माग गर्न आउने व्यक्ति/फर्महरुको धरौटी रकम फिर्ता गर्न कार्यालय वाध्य हुने छैन ।

९. म्याद नाघि आएको, रीत नपुगेको र सुचनाको शर्त विपरित भएका वोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१०. बोलपत्र स्वीकृत भएपश्चात कबोल अङ्कमा मुल्य अभिबृद्धि कर बापत १३ प्रतिशत थप र अन्य निकायमा कर, शुल्क लाग्ने भए सो समेत वोलपत्रदाता आफैले व्यहोर्नु पर्नेछ ।

११. तल उल्लेखित सवारी साधनको बोलपत्र स्वीकृत भएमा सो सवारी साधन दर्ता गर्ने सम्पुर्ण कार्य सम्वन्धित बोलपत्रदाताको नै हुनेछ ।

१२. प्राप्त हुन आएका बोलपत्रहरु कुनै कारण जनाइ वा नजनाइ स्वीकृत गर्ने वा नगर्ने एकमुष्ट वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१३. स्वीकृत बोलपत्रदाताले कबोल अङ्कको रकम पुरा बुझाई लिलाम सकार गरी सकेपछी मात्र अन्य दरभाउपत्रदाताहरुको धरौटी फिर्ता गरिनेछ ।

१४. यस सम्वन्धी अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

**तपसिलः**

| सि. | मुद्दा नं. | मालवस्तुको विवरण | परिमाण | न्यूनतम मूल्य (मू.अ.कर वाहेक) | अन्तिम मिति र समय | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | वोलपत्र खरिद गर्ने | वोलपत्र दर्ता गर्ने | |
| १ | ८४।०६९।७० | यामहा मोटरसाईकल<br>**ई.नं.:** 45S1019312<br>**च्यासिस नं.:** ME145S01Y92019395<br>हर्ज पावर CC मा: १५३<br>उत्पादन वर्ष:२००९ | १ थान | ६५००।- | ति २०७७।०९।१३ गते कार्यालय समय सम्म | मिति २०७७।०९।१४ गते दिनको १२ बजे सम्म | सातौं पटक प्रकाशित |
| २ | २१।०७१।७२ | पल्सर मोटरसाईकल<br>**ई.नं.:** JCGBRL58905<br>**च्यासिस नं.:** MD2DHJCZZRC L35681<br>हर्ज पावर CC मा: १८०<br>उत्पादन वर्ष: २००९ | १ थान | ३५००।- | | | |
| ३ | ४५।०७३।०७४ | मोटर पार्टस समेत | ९७ थान | १००००।- | मिति २०७७।०९।०५ गते कार्यालय समय सम्म | मिति २०७७।०९।०६ गते दिनको १२ बजे सम्म | |
| ४ | १३।०७६।०७७ | सुतीदरी<br>पर्दा पिस<br>पर्दा कपडा | २१० पिस<br>४२० पिस<br>१०१७ मिटर | २७००००।- | | | दोस्रो पटक प्रकाशित |
| ५ | १४।०७६।०७७ | सुती सारी<br>सुति दरी<br>सोफा सेट कभर<br>सुति मार्किन कपडा | ९९० पिस<br>१२० पिस<br>७० सेट<br>५९० मिटर | ३२१०००।- | | | |
| ६ | ४४।०७६।०७७ | लेडिज टप<br>सुरुवाल<br>कुर्था सरवाल | १०९ पिस<br>११० पिस<br>१३ सेट | ८०८००।- | | | प्रथम पटक प्रकाशित |
| ७ | ३२।०७७।०७८ | सेतो मटर | १२० वोरा(प्रति वोरा ५० कि.ग्रा.) | ५१००००।- | | | |

**प्रमुख अनुसन्धान अधिकृत**